श्री बेलघारी सामुदायिक वन उपभोक्ता समुह
शि.न.पा.१२ अर्घाखाँची

पत्र सख्या - २०८२/०८३ मिति- २०८३/०२/१९
च. नं. -२८

विषय - वेभसाईटमा सुचना अपलोड गरिदिने बारे ।

श्री वन तथा वातावरण मन्त्रालय, राप्ती उपत्यका देउखुरी दाङ ।
श्री वन निर्देशनालय बुटवल, रुपन्देही ।
श्री डिभिजन वन कार्यालय, अर्घाखाँची ।

उपरोक्त सम्वन्धमा यस सामुदायिक वनको स्वीकृत वन कार्ययोजना वमोजिम छपान भै डिभिजन वन कार्यालय अर्घाखाँचीको संकलन सहमती अनुसार संकलन भै घाटगद्धी गरी राखेको काठ समुह बाहिर लिलाम विक्रि गर्ने सिलसिलामा यस समुहबाट मिति २०८३ ०२ १९ गते देखि लागु हुने गरी प्रथप पटक २१ दिने सुचना समेत प्रकाशन भै सकेकोले सो सम्वन्धी पुर्ण विवरणको सुचना यसै पत्र साथ सम्लग्न छ नियमानुसार कार्यालयको वेभसाईटमा अपलोड गरि दिनु हुन सादर अनुरोध छ ।

सन्तोष शर्मा
अध्यक्ष
.....................
अध्यक्ष

## श्री वेलघारी सामुदायिक वन उपभेक्ता समुह
## शितगंगा न.पा. १२ पिरापानी अर्घाखाँची
## काठ/दाउरा लिलाम सम्बन्धी सुचना ।

**प्रथम पटक प्रकाशित - २०८३/०२/१९ (मध्यान्न राष्ट्रिय दैनिक)**

यस सामुदायिक वनको स्वीकृत वन कार्ययोजना वमोजिम डिभिजन वन कार्यालय अर्घाखाँचीबाट संकलन सहमती लिई संकलन गरेको काठ/दाउरा शितगंगा - १२ पिरापानीमा घाटगद्धीमा रहेका निम्न परिमाणको काठ/दाउरा जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने भएकोले यो सुचना प्रकाशन गरिएको छ । काठ दाउराको कारोबार गर्ने उदेश्यले स्थायी लेखा नम्बर (PAN) र मुल्यअभिवृद्धि कर (VAT) मा दर्ता भएका व्यक्ति वा फर्मले यो सुचना प्रकाशन भएको मितिले २१ दिन भित्र वोलपत्र खरिद गरी २२ सौ दिन सम्म दाखिला गर्न आह्वान गरिन्छ ।

**तपशिल**

| सि. न. | जात | लट न. | ग्रेड | गो.थान | परिमाण घन फिट | न्युनतम दर रेट प्रति ईकाइ |
|---|---|---|---|---|---|---|
| १ | साल | - | A | १३ | १५२.६० | १२५०।- |
| | | | B | ७४ | ५५४.५८ | ९००।- |
| | | | C | २६६ | १०१५.७२ | ६००।- |
| | | | D | ८७ | १६३.८२ | ३००।- |
| २ | असना | | B | ६ | ४७.९६ | ३००।- |
| | | | C | ४७ | १८८.१७ | १००।- |
| ३ | वाँभी | | - | ३३ | १३६.२८ | १००।- |
| ४ | प्यार | | - | २ | ६.८६ | १००।- |
| ५ | साल दाउरा १०.७५ चट्टा | | | | | १२०००।- |
| ६ | अन्य दाउरा ३.०० चट्टा | | | | | ४०००।- |

**कटान मुछान खर्च**
**काठ प्रति घ.फि. रु.१८६।-**
**दाउरा प्रचि चट्टा रु.१८१५०।-**

१. वोलमत्र खरिद गर्ने अन्तिम मिति र समय २०८३/०३/०८ गते कार्यालय समय भित्र ।

२. वोलमत्र दाखिला गर्ने अन्तिम मिति र समय २०८३/०३/०९ **दिनको १.०० बजे भित्र ।**

३. वोलपत्र खरिद र दाखिला गर्न सक्ने स्थानहरु -

**(क) समुहको कार्यालय । (ख) डिभिजन वन कार्यालय अर्घाखाँची ।**

४. वोलपत्र साथ कवोल गरेको रकमको १० प्रतिशतले हुन आउने धरौटी रकम यस सामुदायिक वनको नाममा रहेको राष्ट्रिय वाणिज्य वैक शाखा कार्यालय सन्धिखर्क अर्घाखाचीमा रहेको खाता न. ३०५०१०००३१४९००१ मा जम्मा गरेको सक्कल भौचर वा ६ (छ) महिनाको वैक जमानत पेश गर्नु पर्ने छ ।

५. प्रति बोलपत्र बापत रु.२०००।- लाग्ने छ र सो रकम पनि उपरोक्त बैक खातामा जम्मा गरेको भौचर पेश गरे पछि मात्र पाईने छ

६. लिलाम हुने वन पैदावार शितगंगा १२ पिरापानीमा रहेको घाटगद्धीमा स्थलगत रुपमा हेर्न सकिने छ ।

७. रितपुर्वक र न्युनतम सख्याको वोलपत्र पेश भएमा मिति २०८३/०३/१० गते दिउसो ३.०० वजे समितिका पदाधिकारी, वन कर्मचारी, खरिदकर्ता प्रतिनिधि (उपस्थित नभए पनि) र अन्य व्यक्तिहरुको रोहवरमा समुहको कार्यालयमा खोलिने छ ।

८. लिलाममा भाग लिन चाहने व्यक्ति वा फर्मले नागरिकता, कर चुक्ताको प्रमाण पत्र, उद्योग दर्ता, मुल्य अभिवृद्धि कर (VAT) मा दर्ता को प्रमाण पत्र, र स्थायी लेखा नम्वर(PAN) र **डिभिजन वन कार्यालयमा सुचिकृत भएको प्रमाण पत्रको** को प्रतिलिपिहरु वोलपत्र साथ पेश गर्नु पर्ने छ ।

९. सकार रकम अंक र अक्षेरमा लेख्नु पर्ने छ । अंक र अक्षरमा फरक पाईएमा अक्षरलाई मान्यता दिईने छ ।

१०. वोलपत्र सदर वा वदर गर्ने अधिकार यस सामुदायिक वन उपभोक्ता समुहलाई निहित रहने छ ।

**११. लिलाम स्वीकृत भएको जानाकारी पाएको ४५ दिन भित्र आवश्यक प्रकृया पुरा गरी वन पैदावार नउठाएमा धरौटी जफत गरी दोस्रो लाई दिईने छ ।**

१२. थप जानाकारीको लागि यस समुहको कार्यालयमा सम्पर्क राख्नु होला ।

१३. अन्य प्रर्चलित कानुन वमोजिम हुने छ ।